वर्ष : २१, अंक : २६, काठमाडौं, २०८२ मंसिर ५ गते शुक्रबार, 21 November, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## कार्यकर्तालाई पार्टीमा फर्किन उपेन्द्र यादवको आह्वान



काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले विगतमा पार्टी परित्याग गरेका सम्पूर्ण नेता एवं कार्यकर्ता पंक्तिलाई जसपा नेपालमा फर्किन आह्वान गरेका छन् । विभिन्न कारण र कालखण्डमा पार्टी छाडेका नेता कार्यकर्तालाई संकोच अप्ठ्यारो नमानी आफ्नो पुरानै घरमा फर्किन आह्वान गर्दै उहाँहरुको स्वागतको लागि जसपा नेपालको ढोका खुला रहेको अध्यक्ष यादवले अपील गरेका हुन् । ललितपुरको इमाडोलमा अध्यक्ष यादवको अध्यक्षतामा बिहिबार सम्पन्न केन्द्रीय समिति बैठकले पनि विगतका दिनमा संगठन छाडेका नेता कार्यकर्ताहरुलाई पार्टीमा फर्किन आह्वान गर्दै आउनेलाई स्वागत गर्ने निर्णय गरेको छ । 'पार्टी स्थापनाकालदेखि विगतमा जे जस्तो कारणले असन्तुष्ट भएर पार्टी छाडेपनि उहाँहरु सबैलाई जसपा नेपालमा स्वागत छ, आफ्नो पुरानै घरमा फर्किन आह्वान गर्दछु,- अध्यक्ष यादवले भने,- 'जसपा नेपाल हामी सबैको साझा संगठन भएकोले जुनै कारणले पार्टी परित्याग गरेपनि पुन: फर्किन कसैले दु:ख, धक, संकोच वा अप्ठ्यारो मान्नु पर्दैन ।' पार्टी परित्याग गरेका नेता कार्यकर्ताहरुलाई सम्पर्कमा आउन अपील गर्दै उहाँहरुको क्षमता, दक्षता, भूमिका र योग्यता अनुसार पार्टीमा उचित स्थान र जिम्मेवारी दिईने अध्यक्ष यादवले बताएका छन् । मुलुकमा विकसित परिदृष्यलाई मध्यनजर गर्दै पार्टीलाई थप संगठित, समावेशी र बृहत् बनाउने उद्देश्यले पार्टी छाडेकाहरुलाई पुरानै घर फर्काउने अभियान जसपा नेपालले प्राथमिकताका साथ संचालन गर्ने बताइएको छ ।

# 'स्वदेशवाद'को वैचारिकी र राष्ट्रिय मुक्ति क्रान्तिको कार्यदिशा तय



राजेन्द्र महतो, अध्यक्ष, राष्ट्रिय मुक्ति पार्टी नेपाल

काठमाडौं । राष्ट्रिय मुक्ति पार्टी नेपालद्वारा अध्यक्ष राजेन्द्र महतोको अध्यक्षतामा कार्तिक ३० गते केन्द्रीय कार्यकारिणी समिति र मिति मंसिर १ गते केन्द्रीय समितिको बैठक बसेको थियो । सो बैठकले पार्टी स्थापना भएको विगत ९ महिनाको संघर्षमा हासिल गरेको राजनीतिक प्रगतिको मूल्यांकन गर्दै, नयाँ नेपाल निर्माणका लागि 'स्वदेशवाद' को वैचारिकी र राष्ट्रिय मुक्ति क्रान्तिको कार्यदिशा अनुरूपको रणनीति तथा कार्यक्रमहरूको तय गरेको छ। पुराना राजनैतिक दलको साम्यवादी र उदारवादी, जस्ता औपनिवेशिक वैचारिकीले दशकौंदेखि थोपारिएको औपनिवेशिकताका कारण देशमा राज्य र नागरिक विच सम्वन्ध टुटन गएको छ। जेन जी क्रान्ति त्यसैको परिणाम होयो क्रान्तिले पनि हामीले भन्दै आएको औपनिवेशिक बैचारिक चिन्तन र सत्ता-सङ्घर्षको पर्दाफास गर्‍यो।

औपनिवेशिक विदेशी विचारधाराहरुबाट देश मुक्ति खोजिरहेको बखत पुराना विचार बोकेको दलहरु, कार्की सरकार एवं जेन जी क्रान्ति पछी देखिएका नयाँ दलहरुमा देखा पर्न गएको वैचारिक-सैद्धान्तिक संकट अहिले नेपाल र नेपाली समाजको निम्ति सबैभन्दा खरानाक रहेकोले मुलुक अहिले शक्ति-शून्यताको संक्रमणकालमा छ। पुरानो संरचना ढल्दैछ र नयाँ विचार सहितको बिकल्प जन्मन सकिरहेको छैन।त्यस्तो विकल्पको अभावले दिशा अनिश्चित बनेको ठहर गर्दै बैठकले निम्नानुसार निर्णय गरेको छ।

जेन-जी क्रान्तिपछि सिर्जिएको ऐतिहासिक संक्रमणकालीन अवस्थामा देशलाई वास्तविक परिवर्तन, संरचनागत सुधार र स्वदेशी मूल्यमा आधारित नयाँ राजनीतिक विकल्प प्रस्तुत गर्ने तथा राष्ट्रिय मुक्ति क्रान्तिको कार्यदिशा अनुरुप मुक्तिको निम्ति वास्तविक दिशा जनतामा पुर्‍याउन आसन्न फागुन २१ गतेको निर्वाचन उपयोग गर्ने निर्णय गरेका छ। हाम्रो लक्ष्य केवल सत्तामा पुग्ने होइन, बरु औपनिवेशिक मानसिकता, एकल राष्ट्रियता र भ्रष्ट संरचनालाई विस्थापन गरी स्वदेशीय सभ्यता, बहुल सांस्कृतिक पहिचानमा आधारित संघीय संरचना, सुशासन र आर्थिक समृद्धिको नयाँ मोडल स्थापना गर्ने हो।

यस निर्वाचन मार्फत हामी उत्पीडित सबै सांस्कृतिक राष्ट्रहरू, युवा, महिला र सीमान्तकृत समुदायलाई एउटै राजनीतिक प्लेटफर्ममा संगठित गर्दै, संवैधानिक पुनर्लेखन र राज्य पुनर्संरचनाको लागि जनादेश लिनेछौं, राष्ट्रिय मुक्तिको संदेश जनजनमा पुर्‍याउने

बाँकी अन्तिम पृष्ठमा

## न्यायपूर्ण काम गर्ने नवनियुक्त प्रदेश प्रमुखको प्रतिबद्धता



जनकपुरधाम । मधेश प्रदेशका नवनियुक्त प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले संविधानको रक्षा र सुशासनका लागि काम गर्ने प्रतिबद्धता जनाएका छन् ।

जनकपुरधामस्थित प्रदेश प्रमुख कार्यालयमा पदभार ग्रहण गर्दै शुक्रबार सञ्चारकर्मीसँग उनले आफूलाई संविधानले दिएको अधिकारभित्र रहेर न्यायपूर्ण रूपमा काम गर्ने बताएका हुन् । प्रदेश प्रमुख डा. कर्णले आफू पत्रकारमैत्री प्रदेश प्रमुखको रूपमा रहने धारणा राख्दै सञ्चारकर्मीलाई राय, सुझाव र सहयोगका लागि आग्रह गरे । उनले मधेस प्रदेश सीताको जननी भूमि रहेको भन्दै यहाँको ऐतिहासिक र सांस्कृतिक पहिचानप्रति सम्मान गर्दै अगाडि बढ्न अपिल गरे । प्रदेश प्रमुख डा कर्णले त्रिभुवन विश्वविद्यालयमा अर्थशास्त्रको प्राध्यापकको रूपमा लामो समय सेवा गरेका थिए ।

## युवा तथा विद्यार्थी संगठनहरूले बुझाए ज्ञापनपत्र



जनकपुरधाम । सात दलीय गठबन्धनमा आबद्ध युवा तथा विद्यार्थी सङ्गठनहरूले मुख्यमन्त्री सरोज यादवको कामकाज रोक्का गर्न आग्रह गर्दै प्रदेश प्रमुख सुरेन्द्रलाल लाभलाई ज्ञापनपत्र बुझाएका छन् । बिहीबार बुझाइएको ज्ञापनपत्र ज्ञापनत्रपमा सर्वोच्च अदालतले मङ्सिर २ गते जारी गरेको अन्तरिम आदेशको पूर्ण पालना हुनुपर्ने माग गरिएको छ । अदालतले मुख्यमन्त्री नियुक्ति प्रक्रियाले संसदीय लोकतन्त्र र संविधानमा परिकल्पित पारदर्शितामाथि गम्भीर प्रश्न उठाएको भन्दै अन्तिम टुङ्गो नलागेसम्म मुख्यमन्त्री र मन्त्रिपरिषद्ले कुनै पनि नीतिगत तथा दीर्घकालीन असर पार्ने निर्णय नगर्न निर्देश दिएको थियो ।

युवा विद्यार्थी सङ्गठनको ज्ञापनपत्रमा कात्तिक २३ मा गठन भएको भनिएको मन्त्रिपरिषद् अदालतको प्रथम दृष्टमै असंवैधानिक देखिएको भन्दै यस्तो परिस्थितिमा मुख्यमन्त्री तथा मन्त्रीहरूले कुनै कामकाज गर्नु नैतिक तथा संवैधानिक दृष्टिले अस्वीकार्य भएको उल्लेख छ । जेनजी आन्दोलनपछि देश आर्थिक सङ्कटमा रहेको उल्लेख गर्दै ती सङ्गठनले विवादित व्यक्तिहरूले मधेश सरकारले उपलब्ध गराउने सेवा सुविधा वा जनजीवनमा असर पार्ने कुनै निर्णय लिन नदिइने वातावरण बनाउन प्रदेश प्रमुखसँग अपिल गरेका छन् ।

उनीहरूले असंवैधानिक भनिएका मुख्यमन्त्रीले पछिल्ला दिन कर्मचारी सरुवा बढुवा, कार्यालय प्रमुख तोक्ने, योजना पत्र वितरण गर्ने तथा मौखिक दबाबमार्फत प्रशासनिक काम प्रभावित पारेको भन्दै यस्तो गतिविधि सर्वोच्च अदालतको अन्तिम फैसला नआएसम्म रोक्न सम्बन्धित निकायलाई निर्देशन दिन प्रदेश प्रमुखलाई अनुरोध समेत गरेका छन् ।

## तमाशा बन्द गर्न ओलीलाई प्रभु साहको चेतावनी



कलैया । आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले एमालेको कारण मधेश अशान्त भएको भन्दै तमाशा बन्द गर्न चेतावनी दिएका छन् । एमालेले देशलाई सुनियोजित तवरले अस्थिरता र असुरक्षित बनाउने प्रयत्न गरेको भन्दै जनस्तरबाटै प्रतिकार गरिनुपर्ने साहको भनाई छ । मुख्यमन्त्रीको असंवैधानिक तवरले भएको नियुक्तीमा एमालेले आफ्नो कोटामा नियुक्त भएकी प्रदेश प्रमुखलाई दुरूपयोग गरी डान्सबारमा शपथ खुवाउने काम गराएर सिंगो मधेशको नै बदनाम गराएको उनको आरोप छ ।

बाराको जितपुरसिमरा स्थित इच्छा होटेलमा आईतबार पार्टीद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले एमालेकै कारण देश एकपछि अर्को अप्ठ्यारोमा परेको भन्दै अब जनस्तरबाटै प्रतिकार गरिनुपर्ने बताए । गलत संविधान र व्यवस्थाको कारण नै आज देशको अवस्था नाजकु बनेको र एकपछि अर्को गरेर देश संकटको भूमरीमा परेको उनको दाबी छ ।

उनले भने, 'मैले यो संविधानले देशलाई निकास दिंदैन भनेको छु, मधेश प्रदेशमा देखिहाल्नुभयो, यही संविधानको कारण आज तमाशा भइरहेको छ । यो संविधान नफालेसम्म यस्तो तमाशा दोहोरिरहन्छ ।' साहले देशलाई निकास दिनको लागि अहिलेको संविधान खारेज नगरी नहुने मत राखे । अन्तरिम संविधान र नयाँ सरकारबाट नै मुलुकको अहिलेको समस्याको हल हुने उनको दाबी छ ।

जेन-जी आन्दोलनमा बर्बरता अपनाउने र दमन गर्नेहरुलाई अहिलेसम्म बयानसमेत नलिएकोमा सरकारसमक्ष साहले प्रश्न उठाए । भदौ २३ गते कलिला युवाहरुलाई छाति र टाउकोमा ताकि ताकि गोली हानेर हत्या गर्नेहरुले अहिलेपनि ठूलो कुरा गर्ने गरेको उल्लेख गर्दै उनीहरुलाई सरकारले अनुसन्धानको दायरामा ल्याउन नसक्नु नालायकीपन भएको साहको आरोप छ ।

उनले भने,'यो जेनजीहरुको बलिदानीको जगमा बनेको सरकार हो, अहिलेसम्म यसले युवाहरुको हत्यारालाई कारबाही गर्न सकेको छैन । दुई महिना व्यतित भइसक्यो, तर सरकार चुनावको मात्रै रटान लगाउँछ, उल्टै आन्दोलनकारीलाई धरपकड गरिराखेको छ, दिनदाहाडै कलिला युवा विद्यार्थीहरुलाई ताकि ताकि गोली हानेर हत्या गर्नेहरुलाई बयानसमेत लिन सकेको छैन, यस्तो हुतिहारा सरकार, लुते मन्त्रीहरुले देशमा के को चुनाव गराउन सक्छन् ?' उनले सरकारमा सहभागी मन्त्रीहरुले जेनजी आन्दोलनको बलिदानीमाथि गम्भीर धोका दिएको र उनीहरु आफ्नो व्यक्तिगत दुनो सोझ्याउने काममा तल्लिन रहेको र विदेश शयरमा व्यस्त रहेको भन्दै अब जनताले मन्त्रीहरुलाई नै जनकारबाही गर्ने दिन आउनेसम्मको चेतावनी दिए ।

उनले सुशीला कार्कीले जेन-जी

बाँकी अन्तिम पृष्ठमा

## 'राजनीतिक अस्थिरता लोकतान्त्रिक प्रणालीप्रति नै आघात'



जनकपुरधाम । मधेश प्रदेशमा पछिल्लोपटक उत्पन्न भएको राजनीतिक अस्थिरता, प्रदेश सरकारको प्रक्रिया, संवैधानिक व्यवस्था तथा कानुनी आधारहरू उल्लङ्घन गर्दै भएको घटनाक्रमप्रति विभिन्न पेशागत संघ-संस्थाहरूले गम्भीर चिन्ता व्यक्त गरेका छन्। चार संस्थाहरू–अधिवक्ता संयोजन मंच, मानवअधिकार पत्रकार चौतारी, प्रेस मेघ नेपाल र लोकतान्त्रिक पत्रकार संघ–ले संयुक्त विज्ञप्ति जारी गर्दै प्रदेशमा पटक-पटक देखिएको राजनीतिक अस्थिरता लोकतान्त्रिक प्रणालीप्रति नै आघात पुगेको बताएका छन्।

विज्ञप्तिमा उल्लेख भएअनुसार, प्रदेश प्रमुखले संवैधानिक व्यवस्थाविपरीत सरकार गठन, समर्थन फिर्ता र पदमुक्ति जस्ता प्रक्रियामा मनपरी निर्णय गरेको आरोप लगाइएको छ। उनीहरूका अनुसार प्रदेश सरकार गठन तथा परिवर्तनमा संविधानको धारा १६८(१)-१६८(५) को सही पालना नगरेकाले प्रदेशमा अनिश्चितता र शंकाको वातावरण फैलिएको छ।

संयुक्त विज्ञप्तिमा भनिएको छ, "मधेस प्रदेशको राजनीतिक अवस्थामा देखिएको बेथितिले स्थानीय शासन र जनप्रतिनिधिमाथि जनताको विश्वास कमजोर भएको छ। संविधान र कानुनको टेकेर अघि बढ्नुपर्ने प्रक्रियामा सत्ताको दुरुपयोग भएको देखिन्छ।"

संस्थाहरूले संविधान र कानुनको मर्मअनुसार प्रदेश प्रमुखले निष्पक्ष भूमिका खेल्नुपर्ने, प्रदेशको लोकतान्त्रिक प्रक्रियालाई अवरुद्ध गर्ने गतिविधि तुरुन्त रोक्नुपर्ने र स्थिर शासनको वातावरण बनाउन सबै राजनीतिक दलहरू जिम्मेवारीपूर्वक अघि बढ्नुपर्ने माग गरेका छन्।

विज्ञप्तिमा थप उल्लेख छ कि प्रदेशको राजनीतिक अस्थिरताले विकास, सुशासन, जनसेवा तथा कानुनी प्रक्रिया प्रभावित भएको छ। संघ-संस्थाहरूले यस्तो अस्थिरताले प्रदेशको लोकतान्त्रिक यात्रालाई नै कमजोर बनाउने चेतावनी दिएका छन्।

विज्ञप्तिमा चारै संस्थाका प्रतिनिधिहरूले हस्ताक्षर गरी लोकतान्त्रिक मूल्य-मान्यताको रक्षा गर्ने उद्देश्यले प्रदेशका सबै सरोकारवाला पक्षलाई संवैधानिक मार्गमा फर्किन आग्रह गरेका छन्।

## सम्पादकीय

# मधेशले खोजेको अधिकार बहाल हुन सम्भव छ ?

मधेशी दलहरूमा देखिएको उच्च महत्वकांक्षा, हक अधिकारप्राप्तिका लागि नभएर व्यक्तिगत स्वार्थमा आधारित भएकाले शासकवर्गले यसबाट निकै फाईदा लुटे । एकअर्कालाई लडाएर, संसदमा कमजोर बनाएर उपस्थित गराउँदा पनि राज्य षड्यन्त्रलाई यिनले बुझ्न सकेनन् र शासकवर्गलाई खुसी पारेर व्यक्तिगत फाईदा लिने परम्परागत चरित्रमा मधेशका राजनीतिक फर्के । शासकवर्गको गुलामीबाहेक फरक आचरण कुनै दलको देखिएन ।

मधेशका वीर सपुतहरूले मधेशमा राज्यको दोहन, शोषणको विरूद्ध मधेशीहरूको स्वाभिमान जगाएर आन्दोलनमा सहभागी गराएपनि सयौं मधेशी वीर सपुतहरूको बलिदान बिर्सन यी दलहरूलाई समय लागेन । मधेशमा परम्परागत रूपमा कायम रहेको गुलामी संस्कारलाई नै सबैले राजनीतिक आधार बनाए । मधेश आन्दोलनले शासकवर्गको मुटुमा रोपेको काँडा मधेशका राजनीतिक दलहरूले झिकी दिएपछि राज्यलाई सञ्चो भयो । मधेश आन्दोलनले दिएको एक एक धाबको बदला लिन राज्य अग्रसर भयो ।

मधेश आन्दोलन पश्चात् शासक जहाँ मधेशसँग प्रतिशोध लिन सानो ठूलो षड्यन्त्र गरिरहेको थियो, मधेशी जनअधिकार फोरमको अध्यक्ष उपेन्द्र यादव आफुलाई कृष्णापछिको दोस्रो अवतारी पुरूषको रूपमा प्रचार गरिरहेका थिए । शासकवर्गको षड्यन्त्रलाई बेवास्ता गर्दै यदुवंशी शौर्यगाथामा रमाएका उपेन्द्र यादव जस्तो राजेन्द्र महतो र महन्थ ठाकुर पनि जातीवादी आन्दन लिई रहेका थिए । यसरी समग्र मधेशको एकता क्रमश टुट्दै गयो र मधेशमाथिको पकड बिस्तारै हट्दै गयो । आफ्नो जातीय बाहुल्यतामा सीमित रहेका यी पार्टीहरू विगतका दिनमा बडो नाटकीय ढंगबाट पार्टी एकता गरेर जातीय राजनीतिको कलंकलाई धुन खोजेपनि परम्परागत चरित्रका कारण सफल हुन सकिरहेका छैनन् ।

गुलामी संस्कारबाट प्रेरित व्यक्तिगत स्वार्थका कारण दलका अगुवाहरू विगतका दिन टुट्दै जुट्दै अहिले समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी दुई दल मधेश राजनीतिमा देखिएका छन् । यी दुवै दलको एकीकरण हुने भन्ने सम्बन्धनमा कसले के स्वार्थका लागि प्रचार गरेका छन् थाहा छैन । तर, राजपाका नेताहरू भने एकता हुने कुराबाट अनभिज्ञ रहेको बताउँदै आएका छन् । ६ वटा राजनीतिक दलहरूले राजपा पार्टीको बहस चौतारीमा यतिका दिनसम्म सहकार्य, बहस गरेपनि राजपा बन्न नसक्दा यी ६ वटै पार्टीको दुर्भाग्य भने उजागर हुन थालेको छ । उपेन्द्र यादवले पनि 'राजपा' ६ वटा शेयर होल्डको संस्था भनेर गिज्याउन पछि परेन ।

व्यक्तिगत स्वार्थ, हठी चरित्र, जातीय भावना, भ्रष्ट आचरणका कारण मधेशलाई अधिकार सम्पन्न गराउने क्रान्तिकारी धारबाट विमुख भएकाले मधेशका यही दलहरूका कारण मधेशको समग्र एकता टुक्रियो । ८ जिल्लामा सीमित मधेशको सरकार बनाएर रमाएका अवसरवादीहरू संमग्र मधेशको बहस टुंगिएको शर्मनाक जवाफ दिन्छन् । अहिलेको राजनीतिक संरचनालाई राजनीतिक प्रस्थान विन्दु बनाएको शासकवर्गले यिनलाई पछाडिका कुरा गर्दा कति झर्पाछन् सर्वविदित नै छ । के यो अवसरवादीहरूबाट मधेशले खोजेको अधिकार बहाल हुन सम्भव छ ?

## सचेत नागरिक समाजको प्रधानमन्त्रीसँग छलफल :

# के शहीदको सपना साकार हुन्छ त ?



डा विजय दत्त

आवधिक निर्वाचन र अभिव्यक्तिको स्वतन्त्रता कुनैपनि लोकतान्त्रिक मुलुकको महायज्ञ नै हुन्छ । जसरी महायज्ञकोलागि स्वच्छ,पवित्र तथा उपयुक्त सामग्रीहरु सहित यजमान तथा पुरोहितको व्यवस्थापनबाट मात्र महायज्ञको उचित समापन हुन्छ त्यसरी नै निर्वाचनकोलागि प्रणाली,शासकीय व्यवस्था,प्रशासन,शान्तिसुरक्षा,नागरिक सचेतना,राष्ट्रिय-अन्तर्राष्ट्रिय विरादरीहरुको विश्वसनीयता परम आवश्यक हुन्छ ।

अहिले प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचन, सुशासन र भ्रष्टाचारमुक्त प्रशासनिक वातावरण निर्माणका लागि निरन्तर विभिन्न सरोकारवालासँग संवादको प्रक्रिया अघि बढाउनुभएको समाचार सार्वजनिक भएको छ। जुन सकारात्मक मानिन्छ । नागरिक समाजका अगुवाहरूसँग भएको पछिल्लो छलफलले देश अब पुरानै शैलीको शासन र चुनावी मोडेलले राम्रो शासन दिन सक्दैन भन्ने बहस पुनः जीवित बनाएको छ ।

तर, मूल प्रश्न भनेको यति हो– के यही वर्तमान निर्वाचन प्रणाली र यही शासकीय संरचनाबाट भ्रष्टाचारमुक्त, जवाफदेही र प्रतिष्ठित राज्यको निर्माण सम्भव छ त ?

कुनै मिडियामा यी र यस्ता खबर पढ्न पाइएको छैन ।

१. प्रणालीको व्यवहारिक विफलता

नेपालमा विगत ३ दशकदेखि लागू बहुदलीय प्रतिस्पर्धात्मक निर्वाचन प्रणाली तथा एक दशकको संघीय गणतान्त्रिक प्रणालीले प्रतिनिधि त दिएको छ, तर, भ्रष्टाचारलाई चरम संस्थागत बनाएको, नेतृत्वलाई जनताको भन्दापनि दल-गुट-स्वार्थसँग बाँधिदिएको, सुशासनलाई नारामा सीमित पारेको जस्ता चुनौतीलाई मेटाउन असफल बनेको स्पष्ट रुपमा देखिन्छ।

यही कारण अहिले उठेको प्रश्न स्वाभाविक छ– प्रणाली परिवर्तन बिना सुशासन सम्भव छ त ?

विशुद्ध रूपले पुरानै संरचना चलाएर नयाँ परिणामको अपेक्षा गर्नु कठिन मात्रै होइन कठिनतम कठिन नै हुने देखिन्छ।

२. जेन-जी आन्दोलन र ७७ शहीदको सपना

भदौ २३-२४ को न्भल-श आन्दोलनले भोगेका ७७ शहीदहरूले जुन मुद्दामा जीवन अर्पण गरे,जसलाई नेपाल सरकारले पनि तीन दर्जनभन्दालाई शहिदपनि घोषणा गरे ती तीन शब्दमा संक्षेपित हुन्छन्–

जवाफदेहिता, पारदर्शिता र न्याययुक्त राज्य

उनीहरूको सपना यस्तो राष्ट्र थियो र छ : जहाँ पदभन्दा बढि नागरिकको सम्मान होस,

जहाँ राज्यको हिंसाले नागरिकको जीवन नखसालोस्,

जहाँ युवा विदेशिन बाध्य नहुन,

जहाँ 'सिस्टम' व्यक्ति होइन,

'व्यवस्था' प्राथमिक शक्ति होस्।

तर,चरम रूपमा राजनीतिक अस्थिरता, अदालत-सरकार-राजनीति बीचको अविश्वास, दलगत स्वार्थ र अराजकता बढिरहेका परिस्थितिले शहीदहरूको सपना अझ टाढिँदै गएको अनुभूति हुन्छ भन्ने भान यत्रतत्र सर्वत्र रहेको छ ।

३. प्रधानमन्त्री-नागरिक समाजको संवाद : आशा कि औपचारिकता ?

प्रधानमन्त्री कार्कीले भइरहेको छलफल सकारात्मक संकेत अवश्य हो।

तर नागरिक समाज, युवा पुस्ता, तथा आन्दोलनकर्ताहरूको मुख्य चिन्ता यति हो– के यस संवादबाट नतिजा जन्मिन्छ, कि यो पनि परम्परागत 'सुन्ने तर नबुझ्ने' शैलीमै सीमित हुन्छ ? संवादले मात्र परिणाम दिन्न ।

परिणाम दिन्छ– सिस्टममा जरासहितको सुधार, कानुनी कठोरता, तथा शक्तिसन्तुलन! हैन र ।

४. शहीदको सपना साकार पार्ने पाँच यथार्थवादी मार्ग

१) निर्वाचन प्रणाली पुनरावलोकन

- आर्थिक शक्ति, गुट, पैसा, अपराध अथवा money, muscles र machines को प्रभाव रोक्न नमिल्ने वर्तमान मोडेल संशोधन आवश्यक।
- प्रत्यक्ष/समानुपातिकको पुनर्संरचना वा वैकल्पिक मोडेल (Run–off election, Mixed–member system, Recall, Right to Reject/Right to Recall) अथवा प्रत्यक्ष कार्यकारी जस्ता प्रणाली अपनाउने कार्यको गम्भीर बहस गर्नुपर्छ।

२) राजनीतिक दलको आन्तरिक लोकतन्त्र अनिवार्य

- दल बहुआयामिक दलदलमा फंसेको छ र दलभित्रको पारदर्शिता नहुँदासम्म देशमा सुशासन सम्भव छैन।
- आन्तरिक प्राथमिक चुनाव ( Primary Election) अनिवार्य गर्ने कानुन।

३) स्वतन्त्र, सक्षम र सुरक्षित संयन्त्र

- एउटा छुट्टै प्रकारको स्वतन्त्र भ्रष्टाचार निषेध आयोग
- प्रहरी, अभियोजन र अदालतमा राजनीतिक हस्तक्षेप शून्य बनाउने ग्यारेन्टी हुनुपर्ने ।

४. युवा सहभागिता संस्थागत रूपमै बढाउने

- जनप्रतिनिधिमा ३० वर्षभन्दा कम उमेरका युवाको अनिवार्य कोटा वा समानुपातिक प्रतिनिधित्व।
- Gen–Z को राजनीतिक/नीतिगत सहभागिताका लागि विशेष constitutional mechanism।

५) राष्ट्रिय शहीद स्मृति-संरचना र प्रतिवेदन

- ७७ शहीदको आधिकारिक सत्य-तथ्य प्रतिवेदन जारी।
- परिवारका लागि सम्मानजनक पुनर्वास र राज्यको माफी।
- उनीहरूले उठाएका मुद्दा कार्यान्वयनका लागि 'Youth Justice Framework।

निष्कर्ष : संवादले मात्र होइन, निर्णयले सपना पुरा हुन्छ

प्रधानमन्त्री-नागरिक समाजको छलफल राष्ट्रका लागि सकारात्मक संकेत हो।

तर केवल संवाद गरेर मात्र सुशासन आउँदैन, भ्रष्टाचार हट्दैन, शहीदको सपना पुरा हुँदैन।

सपना तब मात्र पुरा हुन्छ जब प्रणाली, संरचना र शक्ति-सन्तुलनमा गहिरो, साहसिक र कठोर सुधारका वास्तविक निर्णयहरू हुन्छन्।

यदि चाहनामा दृढता, निर्णयमा स्पष्टता र कार्यान्वयनमा इमानदारिता देखियो भने– ७७ शहीदको बलिदान व्यर्थ हुँदैन, र नेपालले नयाँ राजनीतिक संस्कृतिको युग सुरु गर्न सक्छ।तर,सचेत नागरिक समाजको उचित पहल देखिएन । नव युवा पुस्ता समुहलाई अन्ध्यारोमा राखिएको छ वा मुद्दाहरुलाई संस्थागत गर्ने सकिने कुनै सचेत खबरदारी समूह नभएको हो कि ? वा झारो टार्ने काम मात्रै गरेको सचेत नागरिक समाजले वा..... ?




# जेनजी युवामाथि आक्रमण गर्नेलाई कारबाही गर्न आजपाको माग

कलैया । आम जनता पार्टी ( आजपा)ले बाराको सिमरामा जेनजी युवामाथि गरिएको संघातिक आक्रमणको भर्त्सना गरेको छ । एमाले गुण्डाहरुद्धारा गरिएको संघातिक आक्रमणको विरोध गर्दै आजपाले संलग्न अपराधीलाई कारबाही गर्न माग गरेको छ । आजपा मधेश प्रदेश कमिटीका अध्यक्ष उमेश कुशवाहाले विज्ञप्ति जारी गर्दै एमालेले देशमा पुनः द्वन्द्ध र मुठभेड गराउन खोजेको गम्भिर आरोप लगाएका छन् ।

'सिमरामा एमालेका गुण्डाहरुद्वारा जेनजीहरुमाथी गरिएको सांघातिक आक्रमण निन्दनीय छ । एमाले पार्टीले देशमा पुनः द्वन्द र मुठभेड़ गराउन लगातार अवांछित गतिविधि गर्दै आएको कुरा सर्वविदित नै छ । सोही क्रममा हिजो बाराको परवानीपुरमा कथित युवाको कार्यक्रम आयोजना गरेको थियो । जसमा नेताहरूले आफनो गलतीलाई स्वीकार्नू सट्टा युवालाई होच्याउने, तर्साउने र उत्तेजित बनाउने खालका जुन अभिव्यक्ति व्यक्त गरेकाछन, त्यो गम्भीर अपराध हो,' कुशवाहाले जारी गरेको विज्ञप्तीमा उल्लेख गरिएको छ ।

साथै गैरजिम्मेवार अभिव्यक्ति नदिन सुझाव दिदै द्धन्द्ध र मुठभेड निम्त्याउने गतिविधि, अभिव्यक्ति नदिन सबैमा आजपाले आग्रह गरेको छ । 'गै़रजिम्मेवार अभिव्यक्त दिनें नेतालाई सचेत गराउन चाहन्छु साथै सिमरामा जेनजीमाथी भएको सांघातिक आक्रमणको भर्त्सना गर्दछु । सिमरामा भएको यस घटनामा प्रत्यक्ष/अप्रत्यक्ष संलग्न अपराधीहरूलाई तुरुन्त गिरफ्तार गरि कारवाही गर्न सरकारसंग जोड़दार माग गर्दछु,' विज्ञप्तीमा उल्लेख गरिएको छ ।

राष्ट्रिय साप्ताहिक
मधेशवाणी



# हामीसँग निर्वाचनबाहेक अर्को विकल्प छैन



डा.शेखर कोइराला

नेता, नेपाली कांग्रेस

**० भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि दलहरूभित्र पुनर्गठन होला, पुनर्संरचना होला, नेतृत्व हस्तान्तरण होला भन्ने जुन आशा गरिएको थियो, त्यो आशामा तुषारापात भयो भन्यो भने सही हुन्छ ?**

– म त्यसरी चाहिँ हेर्दिनँ । अलिअलि अरू पार्टीहरूको हेर्‍यो भने केही राम्रा हुन् या नराम्रा चेन्जेज भइरहेका छन् । नेपाली कांग्रेसमा मैले त करिब-करिब तीन वर्षदेखि नै नयाँ नेतृत्वले अब आउने चुनाव हाँक्नुपर्छ भनिरहेको हो । तीन वर्षदेखि बसेका प्रत्येक केन्द्रीय समिति बैठकमा २०८२ को मंसिरभित्र १५ औं महाधिवेशन अधिवेशन गर्नैपर्छ भनेर भन्दै आएको हुँ ।

तर अहिले आएर केन्द्रीय समिति बैठक सुरु भएको एक महिना जति भइसक्यो महाधविशनको मिति टुंग्याउन सकिएको छैन । कहिले दसैं-तिहार, कहिले के भनेर अल्झिरहेका छौं ।

**० सबैभन्दा लामो केन्द्रीय समिति बैठक हुन्छ कि जस्तो छ ?**

– यसपटकको बैठक वास्तवमा लामै हुँदैछ ।

**० दलहरूभित्र जेनजी आन्दोलनले जरा हल्लायो भन्ने खालका बहस चलिरहेका छन् तर तात्विक रूपमा जुन परिवर्तन देखिनुपर्थ्यो, त्यो देखिएको छैन नि ?**

– अब यसलाई कसरी हेर्ने । माओवादी र समाजवादी पार्टी एक ठाउँमा उभिए । भनौं न उनीहरू मेलमिलाप गरेर सात-आठवटा कम्युनिस्टहरू एक ठाउँमा आए ।

**० टाउको त उही छ, परिवर्तन भएन ?**

– उनीहरूको टाउको उही छ । कांग्रेसको टाउको मात्रै हैन, पूरा परिवर्तन गर्नुपर्छ भनेका छौं हामीले । केही साथीहरूको टाउको मात्रै परिवर्तन गरौं भन्ने पनि होला । मेरो त्यो होइन । मैले नयाँ नेतृत्वसहितको टिम लिएर अगाडि जानुपर्छ भन्छु । त्यसैले मैले नियमित अधिवेशन गरौं र निर्वाचनभन्दा पहिले गरौं भनिरहेको छु ।

**० तपाईं राष्ट्रिय नेताको हैसियतले सबै पार्टीहरूको बारेमा अलिकति विश्लेषण गर्दिनुहुन्थ्यो कि भन्न खोजेको । तपाईंले घुमाएर कांग्रेसभित्रै लिएर आउनुभयो ?**

– आन्दोलनपछि हरेक पार्टीमा हलचल भएको छ । इभन रास्वपामा पनि हलचल भएको छ । नयाँ-नयाँ पार्टीहरू खुल्दैछन् । को कता जान्छ, अहिले भन्न गाह्रो छ । जेनजीले पनि पार्टी खोल्दै हुनुहुन्छ । जेनजी समूह उमेरका साथीहरूले पनि पार्टी खोल्दै हुनुहुन्छ । यो बीचमा १८ वटा त नयाँ दलले दर्ताका लागि निवेदन दिइसके । निर्वाचनको मुखमा जहिले पनि हुने यही हो । अब १८ दलमा कतिवटा पार्टीले निर्वाचनमा भाग लिन्छन् । कतिवटा पार्टीले भाग लिँदैनन् ।

तर जेनजीको मुभमेन्टले कांग्रेस, एमाले र माओवादीमा मात्रै होइन, सबै पार्टीमा एउटा हलचल चाहिँ ल्याएको छ । आन्दोलनपछि परिवर्तन ल्याउनुपर्छ, तिमीहरू भित्र पनि परिवर्तन गर्नुपर्छ भन्ने छ ।

**० कांग्रेस र एमाले मिलेर काम त होइन, आन्दोलन चाहिँ गरेका छन् ?**

– हैन, हैन । प्रगति कसरी गर्‍यौं भने म बताउँछु । २०४६ सालको आन्दोलनमा कांग्रेस-एमाले एक ठाउँमा उभियौं, बहुदलीय व्यवस्था ल्यायौं । त्यसपछि सरकार बन्यो, त्यसपछि फेरि हामी अलग भयौं । चुनाव लड्यौं । २०५६ सालको निर्वाचनभन्दा पहिले कांग्रेसको मालेसँग सरकार बन्यो । एमाले फुटेर माले बन्यो । कांग्रेससँग माले आयो । गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बन्नुभयो । त्योभन्दा पहिला कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री हुनुहुन्थ्यो, त्यसपछि गिरिजाप्रसाद कोइराला २०५६ सालमा हुनुभयो । अनि एमालेसँग मिलेर निर्वाचन गरायौं । त्यसपछि अलग-अलग निर्वाचन लड्यौं ।

सरकारमा सँगै भएपनि २०५६ सालमा निर्वाचन अलग-अलग लड्यौं । २०६२-६३ को आन्दोलनपछि गिरिजाप्रसाद कोइराला एमालेको पनि समर्थनमा प्रधानमन्त्री हुनुभयो । २०६४ सालमा हामी एक्ला-एक्लै निर्वाचन लड्यौं । त्यसपछि सुशील कोइराला प्रधानमन्त्री हुँदाखेरि डेढ वर्ष एमालेसँगै सरकार बन्यो । संविधान आयो । एउटा कमन फ्याक्टर के छ भने हरेकमा नेपाली कांग्रेसको नेतृत्व थियो । द्याट इज, मैले चाहिँ त्यो दिमागमा राखेको थिएँ । त्यसअनुसार मैले ओलीजीसँग कुरा गरेको थिएँ ।

**० टावरिङ पर्सनालिटी शेरबहादुर देउवा र केपी शर्मा ओली हेर्नुभयो । के तपाईं झुक्किनुभयो ?**

– मैले चाहिँ कांग्रेसको नेतृत्व चारैतिर देखें, त्यो चारवटा मैले जुन तपाईंलाई भनें । त्यसरी मैले हेरें । त्यसरी हेर्नुभयो भने अब ठीकै हो तपाईंले भनेको । त्यो पनि म अझै भन्छु, शेरबहादुरजी बनेको भए सायद यो अवस्था हुँदैनथ्यो होला भनेर मलाई अहिले पनि लाग्छ ।

**० ए, कांग्रेसको नेतृत्व भएको भए...**

– भएको भए अलि फरक हुन्थ्यो । किनकि जतिसुकै भनेर पनि कांग्रेस अलिकति लिबरल, सबैसँग कुरा गर्ने, बुझ्ने, यो गलत हुँदैछ है, गर्नुहुँदैन भन्ने धारबाट अघि बढ्थ्यो ।

**० डाक्टरसाबले बारम्बार कांग्रेसलाई मध्यममार्गी पार्टी हो भन्नुहुन्छ । कतिपयले त्यसलाई आलोचना गरेर कुनै अडान नभएको पार्टी भन्दिन्छन् । बीचमा कसरी बिग्रियो त कुरा ?**

– हैन, दुई-तीनवटा कुरा छन् । यो मैले त कल्पना गरिसकेको थिएँ, सोचिसकेको थिएँ । मैले इन्फर्मेसन पनि पास अन गरेको हो । प्रधानमन्त्री केपी शर्मा ओलीजी हुनुहुन्थ्यो । उहाँलाई पनि गएर भनें परिस्थिति राम्रो छैन, सोच्नुस्, विचार गर्नुस् । यो उहाँ (ओली) चाइना जानुभन्दा पहिलेको कुरा हो ।

**० ओलीले मान्नुभएन ?**

– उहाँको जुन सोच्ने, सुन्ने बानी छ, सुन्न त सुन्नुहुन्छ तर गर्ने त एकदमै आफ्नो गर्नुहुन्छ ।

**० यो आउने निश्चित छ भन्ने थियो तपाईंलाई ?**

– मैले हाम्रो सभापतिजीलाई पनि गएर यस्तो अवस्था आउँदैछ भनेको हो । एकदम, म त निश्चिन्त थिएँ ।

**० तपाईं यो अवस्था आउनेमा निश्चित हुनुहुन्थ्यो ?**

– यही स्केलमा होला भन्ने म भन्न सक्दिनँ थिएँ । तर मेरो सूचनाअनुसार तिहारपछि हुन्छ भन्ने थियो । त्यो ट्रिगर केले गर्‍यो भन्ने कुरा छ । भ्रष्टाचार त पहिलेदेखि भइरहेको हो । ब्याड गभर्नेन्सको कुरै भएन, गभर्नेन्स छँदै थिएन भने पनि हुन्छ । तर सामाजिक सञ्जाल बन्द भएपछि आन्दोलन अलि चाँडै भयो ।

**० बारुदखाना पहिलेदेखि बनाइदिएकै थियो, त्यसमा जेनजीहरूले सलाई कोरेर लाइदिए भन्याजस्तै भयो कि क्या हो ?**

– कांग्रेस, एमालेले मात्रै बनाएको होइन । त्यो सबै राजनीतिक पार्टी जो छन्, तिनीहरू सबैले बनाएका थिए । त्यसलाई म त्यो पनि भन्दिनँ । जेनजीहरूले ट्रिगरको काम गरे । उनीहरूले सामाजिक सञ्जाल ब्यान्ड भएपछि आक्रोसित भए । अहिलेको युवाहरू सामाजिक सञ्जालबिना बस्नै सक्दैनन् होला जस्तो लाग्छ ।

**० युवाहरू सामाजिक सञ्जाललाई अक्सिजन नै भन्छन् ?**

– त्यो अब त्यो राम्रो हो, नराम्रो हो, त्यसमा डिबेट नगरौं । तर त्यसले गर्दाखेरि यो स्थिति आयो । आउने नै थियो । यो हुन्थ्यो नै ।

**० तपाईंलाई मुलुकको प्रधानमन्त्री हेलिकप्टरै चढेर भाग्नुपर्ने स्थिति आउँछ भन्ने लागेको थिएन होला ?**

– अलमोस्ट थियो ।

**० भदौ २४ गतेको घटना अनुमान गर्नुभएको थिएन होला ?**

– यो स्केलको अनुमान गरेको थिएन ।

**० भदौ २३ गतेको अनुमान गर्नुभएको थियो ?**

– मैले आफ्नो घर जल्छ भन्ने कसरी सोच्नु, कल्पना गर्नु ? विराटनगरको १२५ वर्ष पुरानो कोइराला निवास जल्छ भन्ने कसरी परिकल्पना गर्नु ? कोइराला निवास मेरो घर मात्रै होइन । इतिहास जल्यो । मलाई चिन्ता लागेको सर्वोच्च अदालत, संसद् भवन, राष्ट्रपति भवन, सिंहदरबार, कृष्णप्रसाद भट्टराईको आश्रम जले । कोइराला निवास, किसुनजीको आश्रम, गणेशमानजीको चाक्सीबारी डेमोक्रेसीका प्रतीक थिए । यो त संस्थाहरू नै खत्तम गर्न खोजेको जस्तो देखियो । त्यसले अलिकति अप्ठ्यारो लाग्यो ।

**० केही प्रसंग बदलौं, अब महाधिवेशनको अलिकति कुरा गरौं । विशेष महाधिवेशन कि नियमित, तपाईं केमा ?**

– म नियमित महाधिवेशनको पक्षमा हो । निर्वाचनभन्दा पहिला नियमित महाधिवेशन गर्नुपर्छ भन्दै आएको छु ।

**० फागुन २१ गतेका लागि घोषित निर्वाचनभन्दा अगाडि महाधिवेशन हुनुपर्छ भन्ने हो ?**

– मेरो त अहिले होइन । म त सुरुदेखि नै भन्दैछु यो कुरा । तीन वर्षदेखि म एउटै कुरा दोहोर्‍याइरहेको छु ।

**० विशेष महाधिवेशन गर्न किन मन लागेन ?**

– हैन, मलाई मन लाग्ने, नलाग्ने कुरा होइन ।

**० सभापति बन्न पाइँदैन कि भन्ने तपाईंको हिसाबकिताब त होइन नि ?**

– हैन । सभापति बन्ने, नबन्ने सेकेन्डरी कुरा हो । सभापति विशेष अधिवेशनले बनुँला या नियमित अधिवेशनले बनुँला । त्यो आफ्नो कुरा हो । नियमित भयो भने तलैदेखि सबै परिवर्तन भएर आउँछ । हामीहरूसँग चार वर्ष समय थियो । अधिवेशन चार वर्षपछि मंसिरमा हुन्छ भन्ने त १४ औं महाधिवेशन सकिने बेलामा नै थाहा थियो ।

**० तपाईंले पार्टीको नयाँ नेतृत्वले निर्वाचन गरोस् भन्नुभएको छ । त्यो त विशेष महाधिवेशनले पनि फेरिएला नि ?**

– विशेष महाधिवेशनका सन्दर्भमा दुई-तीनवटा विषय छन् । अलिकति साथीहरूलाई कन्फ्युजन पनि लाग्छ । शेखरै कन्फ्युजनमा छ कि भन्ने पनि छ । जसरी अन्य दलहरू टुटफुट भइरहेका छन्, त्यो कांग्रेसमा पनि आउँला भन्ने चिन्ता छ । प्रायः दलमा टुटफुट भएको देख्छु म ।

**० कांग्रेसमा फुट आइसक्यो भन्छन् त ?**

– फुट आएको छैन तर फुट्छ कि भन्ने चिन्ता हुन्छ । अदृश्य शक्तिहरू जहाँ पनि भइरहेका हुन्छन् । यो स्वाभाविक हो । विशेष अधिवेशन भन्दैछौं र बाध्यात्मक छ । फेरि बडा इन्ट्रेस्टिङ छ । कांग्रेसका ४० प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले विशेष अधिवेशनको माग गरेपछि त्यो गर्नैपर्छ । त्यसमा कुनै इफ्स एन्ड बट्सको कुरै छैन ।

**० विमलेन्‌ऽ निधिले त सार्वजनिक रूपमै त्यही भनिरहनुभएको छ ?**

– त्यसरी हेर्नुभयो भने हामी पनि अवैधानिक भइसक्यौं । म चाहिँ लिगल कुराहरूमा जान्न । कोही कोर्टमा गयो भने त्यो कोर्टले डिसिजन गर्ला । यहाँ राजनीतिको कुरा गर्नुपर्‍यो । यो कानुनको कुरा होइन । कानुनको कुरालाई एकातिर पन्छाऊँ । राजनीति हेर्दाखेरि विशेष अधिवेशनमा ४० प्रतिशत हस्ताक्षरले गरेपछि हुन्छ, ५४ प्रतिशतले हस्ताक्षर गरेका छन् । अब उहाँहरूले मागेको अनुसार गर्नैपर्ने हुन्छ । तीन महिनाभित्र गर्नुपर्छ । म विशेष अधिवेशनको एगेन्स्टमा होइन । म केन्द्रीय समितिले विशेष अधिवेशन डिक्लेयर गरोस् भन्न चाहन्छु ।

त्यसको कारण छ । ५४ प्रतिशतको मागलाई एक्सेप्ट गरेमा भेरिफिकेसन गर्नुपर्छ । त्यो पुष्टि गर्नुपर्‍यो । हस्ताक्षर गराउन जिल्लाबाट बोलाउनुपर्‍यो । त्यो गर्नुभन्दा केन्द्रीय समितिले नै निर्णय गर्नुपर्छ भन्ने मेरो भनाइ हो । किन गर्ने भन्दाखेरि हाम्रो कार्यकाल चार वर्षको थियो, सकियो । अब जस-जसको गर्न बाँकी छ सभापति, उपसभापति, महामन्त्री र केन्द्रीय सदस्यहरूको पनि निर्वाचन गर्नुपर्छ । त्यसले एउटा ड्ब्याक कहाँ हुन्छ भने नयाँ कोही पनि आउँदैन तलबाट ।

अहिले भएकै महाधिवेशन प्रतिनिधिहरूबाट अधिवेशन हुन्छ । इट्स नट ब्याड । त्यसको एउटा टर्म लिमिट गर्दिउँ, एक वर्ष, डेढ वर्ष कति गर्ने हो । नट मोर द्यान वान एन्ड हाफ इयर । त्यसको कारण छ । एक वर्ष विधानअनुसार थप्न पाइन्छ । छ महिना संविधानअनुसार थप्न पाइन्छ । होइन, एक वर्ष गर्ने भए एक वर्ष गरौं ।

**० विशेष महाधिवेशनबारे पार्टीको विधान स्पष्ट छैन ?**

– त्यही त, एक वर्षका लागि गरौं भनिरहेको छु ।

**० त्यो पनि विधानमा छैन ?**

– केन्द्रीय समितिले निर्णय गरेर एक वर्ष या बढीमा डेढ वर्षका लागि गर्ने हो । ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरिसकेपछि बाध्यात्मक छैन भन्दिनँ म, बाध्यात्मक छँदैछ । तर सबै राजनीतिक दलमा टुटफुट, जोडघटाउ भइरहेको छ । कांग्रेसमा त्यो नहोस् भन्नका लागि मैले विशेष महाधिवेशन केन्द्रीय समितिले निर्णय गरेर निश्चित समयका लागि गरौं भनेको हुँ ।

केन्द्रीय समितिलाई त्यो निर्णय गर्ने अधिकार छ । एक वर्ष भनेर पनि गर्न सक्ने अधिकार छ । ५४ प्रतिशत साथीहरूले हस्ताक्षर गरेर बुझाएको पत्रलाई इग्नोर गर्न खोजेको होइन मैले । त्यसमा भेरिफिकेसन गर्‍यो भने टुटफुट हुन्छ कि भन्ने चिन्ता हो ।

**० विशेष महापधिवेशनका पक्षमा हस्ताक्षर गर नगर भनेर तपाईंले भन्नुभएको छ कि छैन ?**

– मैले गर्ने, गराउने, नगराउने भन्ने महत्वपूर्ण भएन । कसले गरायो, गराएन भन्ने महत्वपूर्ण होइन । पार्टी नफुटोस्, पार्टी विग्रहमा नजाओस् भन्ने मात्रै हो । पार्टी एकढिक्का बनाएर जानका लागि पनि विशेष महाधिवेशन गरे हुन्छ, तर केन्द्रीय समितिले निर्णय गर्नुपर्‍यो ।

**० विशेष महाधिवेशन त दुई महाधिवेशनबीचको अवधिमा भएको भए ठिक हुन्थ्यो होला ? अहिले त नियमित महाधिवेशनको बेला आइसक्यो ?**

– म त पहिलेदेखि भन्दैछु त, नियमित महाधिवेशन निर्वाचनभन्दा पहिले गरौं । केन्द्रीय समिति बैठकमा निर्वाचनपछि या निर्वाचनअघि भन्ने विवाद चल्दैछ । नियमित त नियमितै भन्दै हुनुहुन्छ साथीहरू । नियमितमा कसैको फरक मत छ जस्तो लाग्दैन ।

**० विशेष महाधिवेशनका लागि गरेको हस्ताक्षर नक्कली छ कि भन्ने डर छ ?**

– होइन, नक्कली पनि होइन । साथीहरूलाई त्यति अविश्वास गर्नुहुँदैन । यस्ता कुराहरूमा हामी जानु हुँदैन ।

**० भोलि शेरबहादुर देउवा, डा. शेखर कोइराला अगाडि बसेर ल, हस्ताक्षर गर साथी हो भन्यो भने त ३० प्रतिशत पनि पुग्दैन भन्छन् नि ? त्यो डर होला के तपाईंलाई ?**

– होइन, साथीहरू रिसाउलान् नि । किन त्यसो गर्ने ? एउटा कुरा तपाईंले बुझ्नुस्, मेरो भनाइ कुनै पनि हालतमा पार्टी फुट्नुभएन । म विशेष महाअधिवेशनको विरुद्धमा होइन । तर अहिलेको परिस्थितिमा निर्वाचनभन्दा अगाडि नियमित अधिवेशन गरौं भन्ने हो । त्यो नगर्ने भनिसके । त्यसो भए निर्वाचनपछि गर्दा त अप्ठ्यारो हुन्छ । किनभने म त सुरुदेखि नै भन्दैछु, नयाँ नेतृत्वले निर्वाचन हाँकोस् भनेर ।

संस्थापनको तर्क त फागुन २१ गते निर्वाचन भयो भने त्यसयता महाधिवेशन गर्दाखेरि विभाजन हुन्छ । कांग्रेसमा नौवटा, दशवटा चरण पार गर्दै आउनुपर्छ महाधिवेशन प्रतिनिधि । त्यसले गर्दा तलैदेखि विभाजनको रेखा कोरिन्छ र निर्वाचनमा पार्टी हार्छ भन्ने छ, त्यो त राम्रै हो नि होइन ?

**० केन्द्रीय समितिले निर्णय गरेर विशेष महाधिवेशनमा जाँदा राम्रो हुन्छ भन्ने तपाईंको भनाइ हो ?**

– होइन । संस्थापनका साथीहरू समय भएन भन्दै हुनुहुन्छ । गर्न खोज्यो भने त समय निस्किन्छ । मलाई अहिले पनि लाग्छ, सकिन्छ । पुसको अन्तिमसम्म सकिन्छ जस्तो लाग्छ । बीचमा समानुपातिकको लिस्ट बुझाउनुपर्ने छ, दुई-चार दिन त्यसमा लागौंला । हामी काम चाहिँ नगर्ने, अनि सकिँदैन भनेर त भएन नि ।

**० महामन्त्रीले क्रियाशील सदस्यताको काम नसक्दा नियमित महाधिवेशन तत्काल हुन नसक्ने अवस्था आयो भन्दैछन् त केही नेताहरू ?**

– क्रियाशील सदस्यता छान्ने संयोजक महामन्त्री नै हुनुहुन्छ । चार वर्षमा यो दिन निर्वाचन, महाधिवेशन हुन्छ भन्ने कुरा त्यतिखेरै थाहा हुन्छ । तर काम नगरी बस्ने, अहिले चाहिँ महाधिवेशन गर कि गर भन्ने पनि उपयुक्त काम होइन । यो कमजोरी भने पार्टीको कमजोरी हो । महामन्त्रीलाई क्रियाशील सदस्यताको जिम्मेवारी दिएको थियो । उहाँबाट कमजोरी भयो । नभएको भए के गर्ने ? उहाँले पनि केन्द्रीय समिति बैठकमा राखिरहनुभएको छ । कार्यसम्पादनमा पनि नराखेको होइन । तर पार्टी गेयर अप नै भएन कहिले पनि ।

**० तपाईंलाई एउटा व्यक्तिगत प्रश्न, अघि एकदम महत्त्वपूर्ण कुरा भन्नुभयो पार्टी जोगाउनु छ भने केन्द्रीय समितिले निर्णय गरेर विशेष महाधिवेशन गर्ने । तपाईंले भोलि सभापतिको उम्मेदवारबाट पछि हटेपछि पार्टी एक रहने भयो भने छोड्नुहुन्छ ?**

– पार्टी बच्ने हो भने म जे पनि गर्न तयार छु ।

**० तपाईं संसद् पुनर्स्थापना कि निर्वाचनको पक्षमा ?**

– म पहिलो दिनदेखि अहिले भएको असंवैधानिक कदम भनिरहेको छु । तर अहिलेको सरकार बनाउनेभन्दा अर्को उपाय थिएन । अरु केही उपाय नभएर यो सरकार बनेको हो । संविधानका धेरै कुराहरू त, इन्ट्याक्टै छन् । त्यसकारण अहिले हामीहरू निर्वाचनबाहेक अर्को कुरा सोच्नु हुँदैन । निर्वाचनमै जानुपर्छ । सरकारले शान्तिसुरक्षाको व्यवस्था गर्नुपर्ने हुन्छ ।

**० अनि सांसदहरूको हस्ताक्षर किन गराउनुभएको त ?**

– त्यो मैले गराएको होइन । मलाई पनि सरप्राइज नै भएको हो । हामीसँग निर्वाचनबाहेक अर्को विकल्प छैन । निर्वाचनका लागि शान्तिसुरक्षाको वातावरण बनाउने त सरकारको काम हो ।

**० तपाईं हस्ताक्षर संकलनको विरोधमा हो ?**

– सांसदहरूको पनि आफ्नो अधिकार त होला । त्यो आफ्नो ठाउँमा छ । तर नेपाली कांग्रेसले यसबारे निर्णय गरेको छैन । म त के चाहन्छु भने छिटोभन्दा, छिटो कांग्रेसले निर्वाचनमा जाने निर्णय गर्नुपर्छ । कांग्रेसको केन्द्रीय समितिको पहिलो बैठकमै भनेको छु- नेपाली कांग्रेसले निर्वाचनको निर्णय गर्नुपर्‍यो छिटो ।

वातावरण बनाउने, भागेका कैदीहरूलाई फेरि फर्काउने, प्रहरीका लुटिएका हतियार फर्काउने र प्रहरीहरूको मनोबल बढाउने काम सरकारले गर्ने हो । हामीहरू निर्वाचनमा होमिनुपर्छ ।

**० मधेश प्रदेशमा हालै भएको राजनीतिक घटनाबारे तपाईंको धारणा के छ ?**

– यस्तै कारणले जनतामा राजनीतिज्ञहरू, राजनीतिक दलहरूप्रति वितृष्णा जन्मेको हो । यो पनि 'दिस इज वान अफ द रिजन' । यो त कोर्टमा जाला । कोर्टले आफ्नो निर्णय गर्ला । एउटा सिस्टमबाट हिँड्नुस् । संविधानको जुन धाराबाट नियुक्त गरेको भएपनि जुन ठाँउमा नियुक्त गरियो र जस्तो अवस्थामा नियुक्त गरियो, यसले राजनीतिक दलहरूप्रति जनतामा वितृष्णा पैदा गर्छ । यो गम्भीर कुरा हो । प्रदेश प्रमुखले गर्नै नहुने काम गर्नुभएको छ, गलत काम भएको छ । -रातोपाटीबाट साभार

# स्रष्टा सम्मान पुरस्कार प्रदान

काठमाडौं । मानव अधिकार तथा शान्ति समाजले २०८२ को स्रष्टा सम्मान पुरस्कार सात जना महिला स्रष्टासहित सात प्रदेशका नौ भाषाका १४ जना मध्ये ११ जना स्रष्टाहरुलाई प्रदान गरेको छ ।

काठमाडौंमा बुधबार आयोजित कार्यक्रममा डा. गोपाल ठाकुरलाई महाप्रसाद रिजाल लोकतन्त्र स्रष्टा सम्मान, लक्ष्मी मालीलाई राधादेवी दाहाल सद्भाव स्रष्टा सम्मान, भागिरथी श्रेष्ठलाई ज्ञानप्रसाद खनाल सहिष्णुता सम्मान, रामबहादुर थापा मगरलाई भूमिप्रसाद बराल स्रष्टा सौगात, वागदेवी राईलाई जोगमाया बराल स्रष्टा सौगात, पञ्चकुमारी परियारलाई श्रीप्रसाद दाहाल स्रष्टा सौगात, शर्मिला कुमारी चौधरीलाई पद्मप्रसाद दाहाल स्रष्टा सौगात, माधव चौलागाईलाई राधादेवी दाहाल स्रष्टा सौगात, गौरी तमुलाइ जनककुमारी रेग्मी स्रष्टा सौगात पुरस्कार प्रदान गरिएको थियो ।

यसैगरि प्रा.चूडामणी रेग्मीलाई पवित्रादेवी चौलागाई मानव अधिकार स्रष्टा सम्मान, प्रा.डा.गुरुप्रसाद सुवेदीलाई चन्द्रकला खनाल अहिंसा स्रष्टा सम्मान, पुरष्कृतहरुको तर्फबाट परिवारका सदस्य/प्रतिनिधिहरुले ग्रहण गर्नुभएको थियो ।

पुरस्कृत स्रष्टाहरुले नेपालीका अतिरिक्त नेपाल भाषा (नेवारी), संस्कृत, मैथिली, भोजपुरी, थारु, राई, मगर र गुरुङ गरी ९ भाषामा विशेष योगदान गर्नुभएको छ भने अंग्रेजी भाषामा समेत उहाँहरुका कृति प्रकाशित छन । शान्ति समाज ले २०७७ साल देखि यो पुरस्कारहरु प्रदान गर्दै आएको छ ।

दुर्गालाल श्रेष्ठलाई कृष्णकुमारी दाहाल शान्ति स्रष्टा सम्मान, डा.तिर्थबहादुर श्रेष्ठलाई मानबहादुर रावल वातावरण स्रष्टा सम्मान, करुणा झालाई श्रीनारायण दाहाल स्रष्टा सौगात पुरस्कार प्रदान गरिएकोमा स्वास्थ्य अवस्थाका कारण उहाँहरु उपस्थित हुन सक्नुभएन ।

शान्ति समाजका सभापति रेनुका पौडेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा समाजका संस्थापक सभापति कृष्ण पहाडी, राष्ट्रिय गानका रचनाकार व्याकुल माइला, पूर्व मुख्य न्यायाधीश शेषराज शिवाकोटी, कवि अर्जुन पराजुली, शान्ति समाजका पूर्व सभापतिहरु होमकान्त चौलागाई र रामकृष्ण बराल, संस्थापक सदस्य कृष्ण कँडेल, सल्लाहकार रामप्रसाद जोशी, सचिव दिल्ली जैसी, सचिव दिवाकर पुडासैनी, सचिव प्रेम पटेल, सचिव तुलसीराम सुनार, कोषाध्यक्ष चन्द्रमणी बञ्जारा, पुर्व कोषाध्यक्ष किरण ढकाल र स्रष्टा रामबाबु दाहालले सो पुरस्कारहरु प्रदान गर्नुभएको थियो । कार्यक्रममा उपसभापतिहरु लक्ष्मीनारायण मिश्र र धन थापा, पूर्व बरिष्ठ उपसभापति तथा अनुशासन समितिका संयोजक कृष्णबहादुर रावलले मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन महासचिव प्रकाश शाहीले गर्नुभएको थियो । कार्यक्रममा पुरस्कृत स्रष्टाहरुले आफ्नो रचना वाचन गर्नुभएको थियो ।




# राष्ट्रपति शासन लागू गर्न माग गर्दै प्रदेश प्रमुखलाई ज्ञापन

जनकपुरधाम । जनकपुरधामका युवाहरूले मधेशमा प्रदेशसभा विघटन गरी राष्ट्रपति शासन लागू गर्न माग गरेका छन् । राजनीतिक किचलोबाट आजित भएर उनीहरु सो माग गरिएको जनाएका छन् ।

जनकपुरधामका युवाहरूको एक समूहले आइतबार प्रदेश प्रमुख डा.सुरेन्द्र लाललाई ज्ञापन पत्र बुझाउँदै राष्ट्रपति शासन लागू गर्न माग गरेका हुन् ।

उनीहरुले पछिल्लो समयमा देखिएको भ्रष्टाचार, बेथिति तथा राजनीतिक नाटकले मधेसी जनता आजित भएको भन्दै राष्ट्रपति शासन एक मात्र विकल्प रहेको ज्ञापनपत्रमा ठहर गरेका छन् । तत्कालीन मुख्यमन्त्री जितेन्द्र सोनलको राजीनामा पछि प्रदेशमा बढेको सत्ताको छिनाझपटीले सङ्घीयतासँगै मधेसी जनता समेत बदनाम भएको उनीहरूको भनाइ छ । ज्ञापनपत्रमा प्रदेशसभालाई विघटन गरी नागरिक सरकार वा राष्ट्रपति शासनमार्फत नयाँ निर्वाचनमा जानु उपयुक्त हुने सुझाव दिइएको छ ।



# बारामा जस्तै भ्रष्ट र पुराना पार्टीहरुलाई लखेट्छौं : साह




काठमाडौं । पहिला देश(पिपुल्स रिभोल्यूसन)का संयोजक एसपी साहले बारामा जस्तै देशैभरबाट महेश बस्नेत र केपी ओली प्रवृत्तिलाई लखेट्ने चेतावनी दिए । बिहिबार राजधानीको संवाद डबलीमा पत्रकार सम्मेलनको आयोजना गरी पहिला देशले देशभर भ्रष्ट र हत्याराहरुलाई लखेट्ने घोषणा समेत गरेको छ ।

संयोजक साहले जेन-जी बिद्रोहपछि देशको अवस्था निकै नै संकटपूर्ण भएको तर परिवर्तित अवस्थामा पनि पुराना दल र नेताहरुको सोच नबदलिएको भन्दै जेन्जी थप सतर्क हुनेबेला आएको सुझाए । सो कार्यक्रम सम्पन्न भएर घर फर्किनै लाग्दा प्रहरीले प्रवक्ता डा.निकोलस भुसाललाई गिरफ्तार गर्नु सरकारको कायरता भएको साहले बताए । “हामीले भ्रष्ट र दलालहरुलाई देशैभरबाट लखेट्ने कार्यक्रम सार्वजनिक गरेपछि आत्तिएर सरकारले भुसाललाई पक्रेको छ, जुन उसको कायरता हो, यो समय त जेन्जीका हत्यारा र भ्रष्टहरुलाई पक्रनुपर्ने हो” साहले थपे ।

गिरफ्तार हुनु अघि प्रवक्ता भुसालले शक्ति र सरकारबाट हात धुनुपरेका केपी ओली र उनका कार्यकर्ता अझै पनि नचेतकोले बाराबाट उनिहरु लखेटीन सुरु भएको बताए । “आफ्नो अपराध बोध गरेर आत्मसमिक्षा गर्नुको सट्टा जेन्जी र जनताको परिवर्तनकारी सोचलाई लल्कार्नुले ओली प्रवृत्ति थप पतन हुने बाटो रोजेको प्रष्ट छ, यसमा हामी ‘रामराम’ बाहेक केही भन्न सक्दैनौं” भुसालले भने ।

सचिवालय सदस्य जेन्जी सुनिल सिंहले २३ र २४ गते जेन्जीलाई ताकिताकी गोली हान्नेहरुलाई उन्मुक्ति दिदा देश थप द्वन्दमा फस्दै गएको बताउँदै भने,“केपी ओली, रमेश लेखक र सिडियोलगायतलाई हत्कडी नलगाउँदासम्म आमी सडकको मोर्चा छाड्नेवाला छैनौं ।”

पत्रकार सम्मेलनमा सचिवालय सदस्य धरणीधर दाहाल, कपिल पौडेल र केन्द्रीय सदस्य सुरेन्द्र घर्तिकोसमेतको उपस्थिति रहेको थियो ।

पत्रकार सम्मेलन लगत्तै प्रवक्ता भुसाललाई डबली प्राङगणबाटै प्रहरीले गिरफ्तार गरेको थियो ।


## सूचना ! सूचना !! सूचना !!!

**‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
